# पानी ट्याङ्की बनेपछि फेरिएको गाउँः रून्चेडाँडा


आफूले फलाएको करेला टिप्दै पाल्साङ लामा ।

पाल्साङ लामा रून्चेडाँडाका सामाजिक व्यक्तित्व हुन् । समाजमा आइपर्ने विभिन्न समस्याहरूको समाधानसँग सामाजिक विकास निर्माणका कामहरूमा उनको भूमिका रहने गर्दछ । कतिपय अबस्थामा नेतृत्व नै लिएर उनी सामाजिक कामहरूमा सक्रियता देखाउँछन् । उमेरले ४५ बर्ष पार गरिसकेको उनको पहिचान सामाजिक व्यक्तिको रूपमा रहेको छ ।

यतिखेर पाल्साङ लामालाई करेला टिप्ने चटारो छ । लटरम्म फलेको करेला देखाउँदै उनी भन्छन्-'यसैले खुसी दिएको छ ।' चाडबाडका बेला खर्च टार्न होस् वा अरू दैनिक खर्चको व्यवस्थापन गर्न किन नहोस् ? पाल्साङका लागि तर कारी खेती बरदान साबित भएको छ । करेला, घिरौँला, गोलभेँडा, काउलीजस्ता तरकारी उत्पादनमा पाल्साङ अब्बल किसान हुन् । खेतबारी धेरै छैन, तैपनि थोरै ठाउँमा लगाएको तरकारी खेतीले उनी बार्षिक २ लाख रूपियाँभन्दा बढी कमाउँछन् ।


*गाउँमा निर्माण गरिएको पानी ट्यांकी ।*

पाल्साङ मात्र होइन, त्यस गाउँका अधिकाँश मानिसहरूको काम तरकारी खेती नै हो । तर, ठूलो परिमाणमा उनीहरूले तरकारी खेती गरेका छैनन् । थोरै थोरै जग्गामा गरिएको तरकारी खेतीले उनीहरूको जीवनको आर्थिक पाटोलाई मजबुत बनाएको छ ।

**यस्तो छ रून्चेडाँडाको बिगत ?**

साबिक हाँडीखोला गाविस वडा नं ८ र हाल मनहरी गाउँपालिका वडा नं ५ मा पर्ने रून्चेडाँडाका मानिसहरूको दैनिक नामजस्तै निराशाजनक थियो । उनीहरू सुख्खा चुरे क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरू हुन् । रातोमाटोमा पानी कहिल्यै पनि देख्न नपाउने अबस्था थियो । ठूला नहर बनाएर सिंचाईको परिकल्पना गर्नु त रून्चेडाँडाका बासिन्दाका लागि दन्त्य कथा नै हुन्थ्यो । किनकी तल्लो भेगमा राप्तीखोलाबाट सिंचाइको व्यवस्थाप गरिएपनि माथिल्लो भेगमा चाहिँ खानेपानीकै समस्या थियो, सिंचाई त सोच्नै नपर्ने बिषयबस्तु बन्थ्यो ।

मानिसहरू मकै, कोदो, मास र गहतजस्ता अनाजहरू रोप्थे । त्यहाँ उत्पादन भएको अनाजले उनीहरूलाई बर्षभरि खान पुग्दैनथ्यो । त्यसपछि नजिकैको बजार तथा चितवनका सहरहरूमा समेत काम गर्न जानुपर्थ्यो । ज्यालादारी काम गरेर ल्याएको रकमले दशैं, तिहार,बिवाह, गासाजस्ता पर्वहरूलाई टार्नुपर्थ्यो । कतिपय चाहिँ चुरेको जंगलमा कुरिलो, तरूल, बाँस लगायत खोज्न जान्थे । त्यही बेचेको रकमले उनीहरूले आफ्नो घरगृहिस्थी चलाउँथे ।

सदैव अनुहारमा निराशाका धर्साहरूमात्र देखिन्थ्यो रून्चेडाँडाका बासिन्दामा । बालबालिकाहरूले पनि राम्रो पढाई र शिक्षादिक्षा पाउँदैनथे । प्राथमिक तहको अध्ययनपछि यहाँका बालबालिकाहरू उपल्लो कक्षामा अध्ययनका लागि आर्थिक अभावकै कारण सफल भइरहेका थिएनन् ।

**यसरी भयो एकाएक परिवर्तन**

२०६३ सालतिर गाउँमा नौला मान्छेहरू आइपुगे । रून्चेडाँडाको दुःख बुझेका ती मानिसहरू चाहिँ एमडीआई नेपालका रहेछन् । गरिवी निबारण कोषसँगको समन्वयमा गाउँमा सामुदायिक संस्थाहरू निर्माण गर्ने र आय आर्जनका विभिन्न क्रियाकलापहरू सञ्चालनका लागि सघाउ पुर्‍याउनका लागि उनीहरू आइपुगेका रहेछन् ।

उनीहरूले गाउँमा भेला राखे । बुद्ध सामुदायिक संस्था नाउँको एउटा संस्था गठन गरे । त्यसपछि सोही संस्थामार्फत टाढा जंगलमा रहेको पानीको मुहानबाट पाइपमार्फत गाउँमा पानी ल्याउने निधो भयो । फल स्वरूप गरिवी निबारण कोषको आर्थिक सहभागिता तथा गाउँलेहरूको सक्रियतामा पाँचवटा ठूला ठूला ट्यांकी निर्माण भए ।

निर्माण भएको ट्यांकीमा पानी जम्मा गर्ने र सोही पानी किसानहरूका बारीसम्म पुर्‍याउने व्यवस्था गरियो । त्यसपछि सोही व्यवस्था अनुसार गाउँमा तरकारी खेतीको सुरूवात गरियो । तरकारी खेतीमा गाउँका सबैजना लागे । पानीकै अभावका कारण हुन नसकेको तरकारी खेती पानीको उपलब्धतापछि फस्टायो । र, गाउँमा निराशा होइन आशाको सञ्चार भयो ।

**कस्तो छ प्रगति ?**

सुरूमा जोखिम मोलेर तरकारी खेती गर्ने पाल्साङ लामाको त्यतिखेर मुख्य आर्थिक स्रोत नै तरकारी खेती थियो । पछि बैदेशिक रोजगारी लगायतबाट पनि आम्दानी बढ्यो । तर परिवारका सदस्यहरू बैदेशिक रोजगारीमा जाने वातावरण बनाउने मुख्य श्रेय चाहिँ तरकारी खेतीलाई नै जान्छ ।

त्यसैगरी रून्चेडाँडाकै बबिता रूम्बा पनि मिहेनती किसान हुन् । उनले निरन्तर गरेको तरकारी खेती र उत्पादित तरकारी बेचेर प्राप्त हुने रकम खर्चेर आफ्ना छोरालाई राम्रोसँग पढाउन सक्ने भइन् । तरकारीबाट सुरू गरेको आर्थिक आम्दानीपछि अन्य आम्दानीहरू पनि थपिँदै गए । जसका कारण अहिले उनले आफ्ना छोरा समिर रूम्बालाईलाई काठमाडौँमा राखेर इन्जिनियरिङ पढाउन सक्षम भएकी छिन् ।

फूलमायाँ थिङ उस्तै मिहेनति किसान हुन् । उनले पानीको पर्याप्ततापछि तरकारी खेती गरिन् । तरकारी खेतीसँगै उनले कुखुरापालन थालेकी छिन् । बिगतमा पानी नभएकै कारण कुखुरापालन नगरेका फूलमायाँ र अरू किसानहरूले अहिले पोल्ट्री व्यवसायमा पनि हात हालेका छन् ।

सबैले धेरथोर आम्दानी तरकारीबाट लिइरहेका छन् । त्यति मात्रै नभएर तरकारी खेतीको सुरूवातबाट भएको हो । गाउँमा बनेको ५ वटा पानी ट्याङ्कीका कारण यहाँ बासिन्दाहरूमा देखिएको आर्थिक परिवर्तन जो कोहीका लागि उदाहरणीय बन्न सक्छ । गाउँलेहरू मिल्दा असम्भव ठानिएका कामहरू पनि सफल हुँदो रहेछ भन्ने गतिलो उदाहरण हो-रून्चेडाँडा ।

साउण्ड सिस्टम चाहियो ?

के तपाई ठूला तथा साना सार्वजनिक कार्यक्रमहरू आयोजना गर्दै हुनुहुन्छ ? यदि त्यसो हो भने साउण्ड सिस्टम, जेनेरेटर तथा भिडियो क्यामेराको व्यवस्था छ । हामीकहाँ टिभी, रेडियो, मोबाइल सेट, बत्तीहरू एवम् इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामानहरू सुपथ मूल्यमा पाइनुका साथै मर्मत पनि गरिन्छ । साथै डिस होमको बिक्री तथा रिजार्ज कार्डहरू पाइन्छ ।



रमेश सिडी सेन्टर
चैनपुररोड, मनहरी बजार-९८४५०७१०१२

मनहरी बजारमा ६ दशकदेखि सेवामा हाजिर

मनहरी बजारको मेनरोडमा ५५ बर्षदेखि लजिङ तथा फुडिङको व्यवस्थापन गर्दै आएको यस होटल एण्ड लजमा स्वागत छ ।

वाईफाई सुविधासहित.............................

●४० जनासम्म राख्न सकिने क्षमता भएको ●माछा, मासुसहितको उत्कृष्ट खाना र खाजा ●उपयुक्त पार्किङ व्यवस्था भएको ।

सायमी होटल एण्ड लज
मेनरोड, मनहरी बजार/सम्पर्कः ९८५५०६७९९५